राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

१३ जेठ, २०७९

## जबर्जस्ती करणीमा हदम्याद सम्बन्धी व्यवस्थालाई पीडितमैत्री बनाउन आग्रह

जबर्जस्ती करणी सम्बन्धी कसुरमा उजुर गर्ने एक वर्षको हदम्यादका कारण पीडितहरुको न्याय प्राप्त गर्ने हक प्रभावित हुन गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालको संविधानको धारा ३८ (३) मा महिला विरुद्ध कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य गरेमा कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।

"मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ को उपदफा (२) मा रहेको जबर्जस्ती करणी सम्बन्धी कसुरमा उजुर गर्ने एक वर्षको हदम्याद सम्बन्धी विद्यमान व्यवस्था संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, अपराध पीडितको हक, शोषण विरुद्धको हक र महिलाको हकअनुकूल नभई त्यसबाट महिलाको मर्यादा, आत्मसम्मान र मानव अधिकारमा प्रतिकूल प्रभाव पर्न गएको र जबर्जस्ती करणीको कसुरबाट पीडित महिला हदम्यादकै कारण न्यायप्राप्तिको अधिकारबाट वञ्चित भई महिलाको मानव अधिकारमा नै गम्भीर असर पर्न जाने स्थिति देखिएकोले काबुबाहिरको परिस्थिति समेतका विभिन्न कारणबाट कानूनले तोकेको हदम्यादभित्र जाहेरी पर्न नसक्ने अवस्था समेत सिर्जना हुन सक्ने कुरालाई मध्यनजर गरी हदम्यादसम्बन्धी व्यवस्थालाई यान्त्रिक र प्राविधिक नबनाई पीडित मैत्री हुने गरी संशोधन गर्नुपर्ने" देखिँदा संशोधनका लागि आयोगले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ।

अतः जबर्जस्ती करणी सम्बन्धी कसुरमा काबु बाहिरको परिस्थितिसमेतका विभिन्न परिस्थितिबाट कानुनले तोकेको हदम्यादभित्र जाहेरी पर्न नसक्ने अवस्थालाई मध्येनजर गर्दै उजुर गर्ने एक वर्षको हदम्याद सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरी कानूनलाई संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, अपराध पीडितको हक, शोषण विरुद्धको हक र महिलाको हक अनुकूल बनाई महिलाको मर्यादा, आत्मसम्मान र मानव अधिकारमा प्रतिकूल प्रभाव पर्न नदिन तथा हदम्याद सम्बन्धी व्यवस्थालाई यान्त्रिक र प्राविधिक नबनाई पीडितमैत्री हुने गरी संशोधन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता